# STREAM

प्रज्ञप्ती
संक्षेपीकरण

www.streaminitiative.org

संक्षेपमा

अंक २



संक्षेपीकरण......

# जलचर र माछापालनमा जीविकोपार्जन पद्दति

... दुई पाना वा कममा

**यदि तपाई यो प्रज्ञप्ती संक्षेपबाट एउटै काम गर्न चाहानु हुन्छ भने यो गर्नुस् ...**

तपाईको संस्थाको काम गर्ने क्षमता र तरीकामा परिवर्तन गर्नुस जसले गर्दा मत्स्य प्राविधिकहरुले सिमित श्रोतहरुमा जीविका चलाई रहेका मानिसहरुको जीविकोपार्जनलाई बुझेर जलचर व्यवस्थापनमा सुधार गरी उनीहरुलाई सहयोग पुऱ्याउन सफल होउन ।

## यो के हो ?

जसको जीविकोपार्जन जलचर र माछापालनमा आधारित छ तिनीहरुको जीविकोपार्जन विश्लेषण गरी सहयोग गर्ने ।

## यसलाई पढ्नुस यदि ...

... तपाई मानिसहरुको जीविकासंग सम्बन्धित उद्देश्य, अप्ठ्याराहरु, श्रोतहरु र परिस्थितिका वारेमा बुझ्न चाहानु हुन्छ भने

यसले समेट्छ :

- गरीबी निवारणमा राष्ट्रिय मत्स्य व्यवस्थापनको बढ्दो महत्वपूर्ण भूमिकालाई स्विकार गर्नु ।
- विकासका लागि जीविकोपार्जन विश्लेषण र जीविकोपार्जन पद्दति बुझ्न क्षमता अभिबृद्धि गर्नु
- मानिसहरुले आफनो जीविकोपार्जन गर्न छनोट गरेका रणनीतिहरु र उनीहरुले बिशिष्ठता हासिल गरेका श्रोतहरु र उनीहरु बसेको ठाउँको परिस्थितिकीय अबस्थालाई मनन गर्नु ।
- जनताको जीविकोपार्जन परिस्थितिमा आधारित भएर राष्ट्रिय विकास रणनीतिहरु तयार गर्न
- नीति र कृषक मछुवारहरुमा भएको गरीबीको कारण र हटाउने उपायहरु बीचमा सामन्जस्यता ल्याउन

जीविकिोपार्जन विश्लेषणले समुदायमा काम गर्दा सहभागितात्मक तरीकाहरु अपनाउँछ ।

जीविकिोपार्जन विश्लेषण र पद्दतिले बढी लचकदारितालाई जोड दिन्छ र यसले श्रोतहरुको व्यवस्थापनमा भन्दा मानिसहरुलाई केन्द्रमा राखेर कार्य गर्छ ।

हामीले मानिसहरुको जीविकोपार्जन विश्लेषण गर्दा सिकेका पाठहरुलाई गरीबी निवारण गर्न हामीले गरेका कार्यहरुको अनुगमन र मुल्याङ्कन गर्ने प्रक्रियामा परिवर्तन गर्न प्रयोग गर्न सक्छौं ।

## संक्षेपीकरण ....

मानिसहरुको जीविकोपार्जन उद्देश्यहरु र रणनीतिहरुलाई सहयोग पुग्ने गरी नीतिहरु र सेवा प्रदान गर्ने कार्य धेरै कुरामा निर्भर रहन्छ र कहिंदले काँही त यो एक द्वन्द्वात्मक सवाल पनि हुन्छ । तीनवटा महत्वपूर्ण कुराहरुः मानिसहरुको जीविकोपार्जन विश्लेषण गर्ने र बुझ्ने क्षमता, राष्ट्रिय महत्व र अन्तर्राष्ट्रिय समुदायको शुरुवाती नेतृत्व, जुन राष्ट्रिय विकास रणनीतिहरुमा समावेश गर्नु पर्ने हुन्छन्, महत्वपूर्ण छन् ।

- एशिया प्रशान्त क्षेत्रका जलचर श्रोतहरुमा सहयोग गरी रहेका सरकारहरुको बढी ध्यान अनुसन्धान र प्रविधि विकास तथा विस्तारमा दिएका छन् । तर हामीले के महसुस गरेका छौ भने राष्ट्रिय मत्स्य प्रशासनको गरीबी निवारणमा भूमिका बढ्दै गइरहेको छ । त्यसैले हामीले गरीब मानिसहरुको जीविकोपार्जनमा माछापालनको भूमिकालाई बुझ्नु पर्छ ।
- यो कार्य गर्न विकासमा जीविकोपार्जन विश्लेषण र जीविकोपार्जन पद्दतिलाई बुझ्न सक्ने क्षमताको विकास गर्नु पर्छ ।
- जीविकोपार्जन विश्लेष्ण भनेको व्यवस्थित तर लचकदारीता पनि भएको एउटा पद्दति हो जसले मानिसहरुको वसोवास गरिरहेको ठाउँको परिस्थिति, श्रोतहरुमा पहुँच अप्ठयाराहरु, छनौटहरुका वारेमा बुझ्न मद्दत गर्दछ । यसले व्यक्ति वा समुदायको जीविकोपार्जन बुझ्न सहभागितात्मक पद्दति अपनाउँदछ । यो त्यति गाह्रो काम हैन तर यसमा काम गर्दा कहिले काँही मानिसहरुले नयाँ भूमिका निर्वाह भने गर्नु पर्ने हुन्छ ।
- जीविकिोपार्जन पद्धतिले मानिसहरुको छनौट, श्रोतहरु उपर उनीहरुको विशिष्ठता र जीविकिोपार्जन गर्न उनीहरुले अपनाएका रणनीतिलाई समावेश गर्ने कुरालाई ग्रहण गर्दछ । यसले श्रोतहरुको व्यवस्थापनमा भन्दा मानिसहरुलाई केन्द्रमा राखेर कार्य गर्छ ।
- मानिसहरुको जीविकोपार्जन जेलिएको जालो जस्तो भएकाले हाम्रो उद्देश्यहरुलाई विभिनन उप समूहहरुमा बाँडिनबाट जोगाएर एकत्रित रुपमा जलचर श्रोतहरुको व्यवस्थापनमा लगाउन यो पद्दतिले हामीलाई सहयोग गर्दछ । हामीलई के थाहा छ भने जसको जीविकोपार्जनमा अप्ठयाराहरु धेरै छन् उनीहरुले विभिन्न उपायहरु र श्रोतहरु जस्तै माछा मार्ने, माछा पालन गर्ने, मजदुरी गर्ने, केही सामान तयार गर्ने र आफनो सेवा बेच्ने आदि उपयोग गरिरहेका हुन्छन् ।

→ मत्स्यपालन व्यवस्थापन र प्रशासनमा संलग्न व्यक्तिहरु प्राविधिक रुपमा सक्षम छन् तर उनीहरुलाई जीविकोपार्जन विश्लेषण र जीविकोपार्जन पद्दतिको कार्यान्वयन गर्न सक्ने गरी क्षमता अभिबृद्धिका लागि भने सहयोग गर्नु पर्ने देखिन्छ ।

## जीविकोपार्जन पद्दति : संक्षेपीकरण

जीविकोपार्जन पद्दति भनेको मानिसहरुलाई विकासको केन्द्रमा राखेर उनीहरुको जीविकामा के कस्तो सुधार गर्न सकिन्छ भनि गहिरोसंग बुझ्नु हो। यसको साथै मानिसहरुको आफनो श्रोतहरुसंगको अन्तरसम्बन्ध र अन्तरक्रिया सम्बन्धी जानकारीहरु आपसमा आदन प्रदान गर्नु हो।

जीविकोपार्जन पद्दतिले हामीलाई असमान शक्ति सम्बन्धको पहिचान गर्न र संझौता गर्न सहयोग गर्दछ। यसले एउटा मात्र अवधारण वा विचारलाई ग्रहण नगरि मानिसहरुको ज्ञान सीप, समय सिमा, बजेट र कार्य प्रणाली सबैलाई समेटेर कार्य गर्न मद्दत गर्दछ।

- मत्स्यपालन क्षेत्रमा जीविकोपार्जन पद्दति अनुसार काम गर्दा प्राप्त हुन सकने दूई उपलब्धीहरुमा: कृषक र मछुवारहरुमा रहेको गरीबीको कारणहरु र त्यसलाई हटाउन अपनाउनु पर्ने नीतिगत व्यवस्थाका बीचको अन्तरसम्बन्धलाई सुदृढ गर्न र जलचर श्रोतहरुले गरीब मानिसहरुको जीविकोपार्जनमा खेल्न सक्ने महत्वपूर्ण भूमिकालाई प्रष्टयाउनु रहेको छन्।
- जीविकोपार्जन पद्दतिको प्रयोगद्वारा मानिसहरुको जीविकोपार्जन अध्ययनलाई हामी परिवर्तनको लागि उपयुक्त उपायको छनोट गर्न उपयोग गर्न सक्दछौं। यसका साथै गरीबहरुको जीविकोपार्जन सुधारका लागि हामीले गरेका प्रयासहरुको अनुगमन तथा मुलयाङ्कन प्रभावकारी रुपमा गर्न सक्दछौं।
- यदि जीविकोपार्जन पद्दतिनीति निर्माण र स्थानीय तहमा सेवा टेवा पुऱ्याउन सहयोगी हुन्छ भने यसले बृहत राष्ट्रिय विकासमा पनि योगदान गर्न सक्दछ। यसका साथै राष्ट्रिय विकास रणनीतिहरु जस्तै दीगो विकासका लागि राष्ट्रिय रणनीति, बृहत विकास तालिका, गरीबी निवारण राणनीति पत्र आदि तयार गर्न पनि महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

### अन्तर्राष्ट्रिय दायित्व र जीविकोपार्जन पद्दति

- एजेण्डा २१, सन् १९९२ रियो पृथ्वी सम्मेलनको कार्यसूची: सबै देशहरुले दीगो विकासको लागि राष्ट्रिय रणनीति तयार गर्ने जसले गर्दा आर्थिक सामाजिक र वातावरणीयदीगोपना हासिल हुनेछ।
- विश्व बैंकद्वारा बृहत विकास तालिकाको प्रोत्साहन
- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले प्रयोग गरेको गरीबी निवारण रणनीति पत्र गरीबी निवारणको लागि लिएको ऋणमा छुट प्राप्तीको आधार रहेको छ ( हाल यसलाई विश्व बैंक र अन्तर्राष्ट्रि मुद्रा कोषबाट सस्तो ऋण प्राप्त गर्न सबै देशहरुले छलफलको आधार पत्रको रुपमा प्रस्तुत गर्नु पर्दछ )
- दीगो विकासका लागि राष्ट्रिय रणनीति, बृहत विकास तालिका र गरीबी निवारण रणनीति पत्र सबैमा जीविकोपार्जनलाई समेटिने राष्ट्रिय विकास रणनीतिहरु हुन्।
- एशिया प्रशान्त क्षेत्रको जलचर श्रोतहरुको व्यवस्थापनले गरीबहरुको जीविकोपार्जनमा महत्वपूर्ण भूमिका खेलिरहेका कारण यसले राष्ट्रिय विकास रणनीतिमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

### यो शिर्षकसंग मिल्ने अन्य जानकारी र डकुमेन्टहरु :

- एउटा १८ पृष्ठको वेलायती अन्तराष्ट्रिय विकास विभागले निकालेको विकास पद्धतिहरुको तुलना निर्देशिका
http://www.livelihoods.org/info/guidance_sheets_pdfs/section6.pdf
- एउटा ४ पृष्ठको जीविकोपार्जन पद्धतिमा राम्रो तरीका निर्देशिका - क्षमता विकास र विश्लेषण
http://www.streaminitiative.org/Library/bpg/index.html
- मिकङ्ग नदीको तल्लो तटिया क्षेत्रमा गरिएको जीविकोपार्जन र मत्स्यापालन : जीविकोपार्जन अवधारणाको बुझाई। मिकङ्ग विकास श्रृखला नं. ५
http://www.streaminitiative.org/Library/pdf/pdf-india/FisheriesLivelihoodsStudy.pdf

### यो कसरी तयार भयो ?

प्रज्ञप्ती संक्षेपीकरण श्रृखला एशिया प्रशान्त क्षेत्रको मत्स्य केन्द्रहरुको संजाल (नाका) मा रहेको क्षेत्रीय जलचरहरुको व्यवस्थापनमा सहयोग (स्ट्रम) ले तयार गरेको हो।

प्रज्ञप्ती संक्षेप नं.२ नीति परिवर्तन र नीति निर्माणमा सामान्य मानिसहरुको सहभागितामा सहमति विषयमा आधारित रहेको छ। यो विश्व खाद्य संगठनको प्राविधिक सहयोगमा संचालित आयोजना एशिया प्रशान्त क्षेत्रमा सुधारिएको जलचर व्यवस्थापनद्वारा गरीबी निवारण कार्यक्रमको जीविकोपार्जन विश्लेषण र जीविकोपार्जन पद्धतिमा काम गर्दाको अनुभवमा आधारित रहेर तयार गरिएको हो।

बढी जानकारीको लागि www.streaminitiative.org/Library/India/india.html वा सम्पर्क गर्नुहोस

STREAM, NACA, Suraswadi Bldg, DOF Complex, Kasetsart University, Ladyao, Jatujak, Bangkok 10900 THAILAND, Fax (662) 561-1727, Tel (662) 561-1728